फालेलुङ गाउँपालिका

# फालेलुङ राजपत्र

फालेलुङ गाउँपालिकाबाट प्रकाशित

खण्डः ८) थकेपुङ, पाँचथर, पुष २२ गते, २०८२ साल (संख्याः १

**भाग-२**

**फालेलुङ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, थकेपुङ, पाँचथर**

## समुदायमा आधारित सालक संरक्षित विशेष क्षेत्र व्यवस्थापन कार्यविधि,२०८२

**फालेलुङ गाउँपालिकाको समुदायमा आधारित सालक संरक्षित विशेष क्षेत्र व्यवस्थापन कार्यविधि, २०८२**

प्रमाणिकरण मितिः २०८२/०९/१० गते

**प्रस्तावनाः** सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तराष्ट्रिय व्यापार सम्वन्धी महासन्धी कन्भेनसन अन इन्टरनेशनल ट्रेड इन इण्डेन्जर्ड स्पेसिस अफ वाइल्ड फाउना एण्ड फ्लोरा(साईटिस) को हस्ताक्षरकर्ता राष्ट्रको हैसियतले नेपालले सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ तर्जुमा गरेर सर्वाधिक तस्करी हुने स्तनधारी जन्तु सालकलाई दुर्लभ वन्यजन्तुको रुपमा वर्गीकरण गरी सकेको र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले समेत सालकलाई संरक्षित वन्यजन्तुको रुपमा सूचिकृत गरेको अवस्थामा स्थानीय सरकार तथा समुदायबाट समेत सालक संरक्षणार्थ सालकको व्यापार नियन्त्रण तथा बासस्थानलाई संरक्षणमा स्थानीय स्तरबाट समुचित तथा प्रभावकारी भूमिका निर्वाह गर्न गाउँपालिका अन्तरगतको सालक पाइने स्थलहरुलाई स्थानीय समुदायको प्रभावकारी सक्रियतामा एकीकृत रुपमै संरक्षण गर्न विशेष क्षेत्रका रुपमा घोषणा गरी उच्च प्राथमिकताका साथ सालक संरक्षण गर्न वाञ्छनीय भएकोले फालेलुङ गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ को दफा ६६ ले दिएको अधिकार प्रयोग गरी फालेलुङ गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम ‘‘समुदायमा आधारित सालक संरक्षित विशेष क्षेत्र व्यवस्थापन कार्यविधि, २०८२’’ रहेको छ ।

(२) यो कार्यविधि फालेलुङ गाउँपालिकाको स्थानिय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,

(क) **“अध्यक्ष”** भन्नाले फालेलुङ गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ख) **“उपाध्यक्ष”** भन्नाले फालेलुङ गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(ग) **“ऐन”** भन्नाले फालेलुङ गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ लाई सम्झनु पर्दछ।

(घ) **“कार्यपालिका”** भन्नाले फालेलुङ गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(ङ) **‘‘कार्यविधि’’** भन्नाले यस समुदायमा आधारित सालक संरक्षित विशेष क्षेत्र व्यवस्थापन कार्यविधि, २०८२ सम्झनु पर्दछ ।

(च) **“गाउँपालिका”** भन्नाले फालेलुङ गाउँपालिका सम्झनु पर्दछ ।

(छ) **"परिषद"** भन्नाले ऐनको दफा ४७ अन्तर्गत गठित वातावरण तथा प्राकृतिक श्रोत संरक्षण परिषद सम्झनु पर्दछ।

(ज) **"व्यवस्थापन समिति"** भन्नाले यस कार्यविधिको दफा २० बमोजिम सामाजिक संघसंस्थाले गठन गर्ने समुदायमा आधारित सालक संरक्षित विशेष क्षेत्र कार्यक्रम व्यवस्थापन समिति सम्झनु पर्छ।

(झ) **"विशेष क्षेत्र"** भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम निर्धारण गरिएको समुदायमा आधारित सालक संरक्षित विशेष क्षेत्र सम्झनु पर्दछ ।

(ञ) **"संवर्द्धन समिति"** भन्नाले कार्यपालिकाले ऐनको दफा ४८ को अधिनमा रही यस कार्यविधिको दफा १९ बमोजिम गठन गर्ने समुदायमा आधारित सालक संरक्षित विशेष क्षेत्र संवर्द्धन समिति सम्झनु पर्दछ।

(ट) **"सामाजिक संघसंस्था"** भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई यस गाउँपालिकामा सालक संरक्षण सम्वन्धी कार्यक्रम संचालन गर्ने सामाजिक संघसंस्था सम्झनु पर्दछ।

## परिच्छेद -२
## समुदायमा आधारित सालक संरक्षित विशेष क्षेत्र निर्धारण सम्बन्धमा

**३. विशेष क्षेत्र सम्वन्धमा:** गाउँपालिका अन्तर्गत बसोबास गर्ने स्थानीय समुदायहरुलाई समेत सक्रिय रुपमा सहभागी गराई यस गाउँपालिकामा पाइने दुर्लभ सालक तथा सोको बासस्थान संरक्षण गर्ने उद्देश्यले ऐनको दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले गाउँपालिकाको क्षेत्राधिकारमा पर्ने भू-भागलाई सामुदायमा आधारित सालक संरक्षित विशेष क्षेत्रको रुपमा निर्धारण गरेको छ ।

**४. संरक्षक:** अध्यक्ष समुदायमा आधारित सालक संरक्षित विशेष क्षेत्रको संरक्षक र उपाध्यक्ष सह-संरक्षकको रुपमा रहनेछन् ।

**५. उद्देश्य:** दफा ३ बमोजिम समुदायमा आधारित सालक संरक्षित विशेष क्षेत्र निर्धारण गर्नुको मुख्य उद्देश्य देहाय बमोजिम रहेका छन्

(क) सालकमैत्री वातावरण कायम राख्न सालकको बासस्थानलाई संरक्षण तथा पुनर्स्थापना गर्न,

(ख) सालकको अस्तित्वलाई जोगाउन सालकको व्यापार, तस्करी तथा अङ्गप्रत्याङ्ग प्रयोग गर्न रोक्ने,

(ग) सालकलाई प्राकृतिक वातावरणमा जीवनयापन गर्न दिन प्रचलित कानुन बमोजिम अनुमति लिएकोमा बाहेक सालकलाई आफुसंग राख्न तथा पालनपोषण गर्न नदिने,

(घ) सालकलाई मानवीय हानीनोक्सानी हुन नदिन सालक संरक्षण सम्वन्धी जनचेतना अभिवृद्धि गर्न,

(ङ) सालकको अवस्थाको बारेमा अध्ययन अनुसन्धान गरी सम्वन्धित निकाय, संघसंस्था तथा स्थानीय समुदासंग समन्वय गरी सालक तथा सोको बासस्थान संरक्षणार्थ आवश्यक काम कारवाही गर्न,

(च) सालक तथा सोको बासस्थान संरक्षण मार्फत स्थानीय जैविक विविधताको संरक्षण, सन्तुलित पारिस्थितिक प्रणाली कायम, कृषि तथा पर्यापर्यटन प्रवर्द्धन र स्वच्छ तथा सुरक्षित पर्यावरण मार्फत स्थानीय बासिन्दाको आर्थिक, सामाजिक तथा पर्यावरणीय अवस्थालाई दिगो रुपमा सुधार गरी गुणस्तरीय जीवन सहित गाउँपालिकाको दिगो विकास गर्ने,

(छ) पर्यापर्यटन प्रवर्द्दन तथा सिप विकास कार्यक्रम मार्फत स्थानीय समुदायको जीविकोपार्जन सुधार गरी सालकको तस्करी निरुत्साहित गर्ने,

(ज) विशेष क्षेत्रमा सालक तथा सोको बासस्थान संरक्षणार्थ स्थानीय समुदायलाई सक्रिय रुपमा सहभागी गराउने ।

(२) उपदफा (१) बमोजिमको कार्यमा स्थानीय समुदाय तथा अन्य सरोकारवाला निकायले सहयोगी, समन्वयकारी र सहभागीमूलक भूमिका निर्वाह गर्नु पर्नेछ ।

## परिच्छेद-३
## निषेधित कार्य सम्बन्धमा

६. **विशेष क्षेत्रभित्र निषेध गरिएका कार्यहरु:** विशेष क्षेत्रमा सालक तथा सालकको बासस्थानलाई हानी नोक्सानी पुऱ्याउने देहायका कुनै पनि नकरात्मक कार्य गर्न पाइने छैन ,

(क) सालक तथा सोको अङ्गप्रत्याङ्ग खरिद बिक्री, चोरी सिकारी, ओसारपसार वा तस्करी गर्न,

(ख) प्रचलित कानुन बमोजिम अनुमति प्राप्त बाहेक अन्य अवस्थामा सालकलाई नियन्त्रणमा लिन, राख्न, पालनपोषण गर्न,

(ग) सालकलाई पक्रन, लखेट्न, तर्साउन, चोटपटक पुऱ्याउन, धरापमा पार्न, पासो थाप्न, वा मार्न लगायत कुनै प्रकारले हानी नोकसानी हुने कार्य गर्न,

(घ) सालकलाई हानी नोक्सानी पुऱ्याउने गरी वा सालक लक्षित कुनै पनि किसिमको किटनाशक विषादी, रसायनिक पदार्थ वा लठ्याउने विषालु पदार्थ फ्याँक्न वा प्रयोग गर्न,

(ङ) सालकको बासस्थानलाई हानी हुने गरी जथाभावी आगो बाल्ने, डढेलो लगाउने, बिगार्ने, भत्काउने, प्लाष्टिकजन्य फोहोर फ्याली प्रदुषण गर्ने जस्ता कार्य गर्न,

(च) रेडियो, टेपरेकर्डर, लाउड स्पीकर, माइक जस्ता उपकरणहरु ठूलो आवाजमा बजाई सालकलाई हानी नोक्सानी हुने गरी ध्वनी प्रदुषण गर्न,

(छ) सालकको बासस्थानको रुपमा पहिचान भएका क्षेत्रहरुमा सालक तथा सोको बासस्थानलाई नकारात्मक असर पर्ने कार्यहरु गर्न,

(ज) सालकको बासस्थान तथा क्रिडा स्थललाई क्षति हुने खालका अव्यस्थित तथा हानीकारक भौतिक संरचनाहरु निर्माण गर्न,

(झ) सालक संरक्षण सम्वन्धी जनचेतना मूलक सूचना पाटी, थलो, संरचना, चिह्न आदिलाई क्षति पुऱ्याउन,

(ञ) सालक तथा सालकको बासस्थानलाई हानी नोक्सानी हुने अन्य कुनै पनि अवाञ्छित क्रियाकलाप गर्न ।

७. **दुरुत्साहन तथा उद्योग गर्न नहुने** : कसैले पनि दफा ६ बमोजिमको निषेधित कार्य गर्ने उद्योग गर्नु वा सो गर्न अरुलाई दुरुत्साहन गर्नु हुदैन ।

८. **प्रथाजनित अभ्यास, प्रचलन तथा जनजीविकामा यस कार्यविधिले कुनै वाधा नपर्ने** : दफा ६ र ७ मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुनको अधिनमा रही विशेष क्षेत्र भित्र प्रथाजनित अभ्यास तथा कानुनी हक अधिकार प्रचलन गर्न, स्थानीय समुदायको बसोबास तथा जनजीविका सम्वन्धी कार्य संचालन गर्न, सामुदायिक वन उपभोक्ता समूहहरुलाई वनको संरक्षण, सम्वर्द्धन र उपयोग सम्वन्धी कार्य गर्न र सालक तथा सालकको बासस्थानलाई हानीनोक्सानी नहुने गतिविधि गर्न यस कार्यविधिले कुनै वाधा गरेको मानिने छैन ।

## परिच्छेद-४
## विशेष क्षेत्र संवर्धन सम्बन्धमा

९. **सालकको चोरी सिकारी वा तस्करी नियन्त्रण गर्नेः** (१) कसैले पनि सालकको चोरी सिकारी वा तस्करी गर्न, गराउन वा सोको उद्योग गर्न पाइने छैन ।

(२) सालकको चोरी सिकारी वा तस्करी रोकथामको निम्ति गाउँपालिकाले वार्षिक नीति तथा कार्यक्रममा आवश्यक व्यवस्था गर्न सक्नेछ ।

१०. **सालकको बासस्थान संरक्षण गर्नेः** (१) सालकको बासस्थान संरक्षण गर्नु सबैको कर्तव्य हुनेछ ।

(२) गाउँपालिकाले सालकको बासस्थान संरक्षण तथा पुनर्स्थापना गर्न वार्षिक नीति तथा कार्यक्रममा आवश्यक व्यवस्था गर्न सक्नेछ ।

११. **सालक सम्वन्धी अध्ययन अनुसन्धान गर्नेः** (१) यस कार्यविधि र प्रचलित कानुनको अधिनमा रही विशेष क्षेत्रमा पाइने सालक तथा सोको बासस्थानको तथ्याङ्क तथा अवस्था यकिन गर्न सालकको अध्ययन अनुसन्धान कार्यक्रम संचालन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम अध्ययन अनुसन्धान सम्पन्न भएपश्चात सम्वन्धित अध्ययन अनुसन्धानकर्ताले सोको प्रतिवेदन गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

१२. **सालक संरक्षण सम्वन्धी जनचेतनामूलक अभियानः** यस कार्यविधि र प्रचलित कानुनको अधिनमा रही विशेष क्षेत्रमा सालक तथा सोको संरक्षण सम्वन्धी जनचेतना मूलक अभियान संचालन गर्न सकिनेछ ।

१३. **स्थानीय पाठ्यक्रमः** गाउँपालिकाले स्थानीय विद्यालयका विधार्थीलाई पारिस्थितिक प्रणाली सन्तुलनमा सालकको महत्व तथा सोको संरक्षण सम्वन्धी आधारभूत ज्ञान प्रदान गर्न गाउँपालिकाले निर्धारण गर्ने पाठ्यक्रममा सालक संरक्षण सम्वन्धी पाठ समावेश गर्नेछ ।

१४. **सालक संरक्षण नारा** : कार्यपालिकाले सालक संरक्षण सम्वन्धी नारा घोषणा गर्न सक्नेछ ।

१५. **सालकलाई विशेष जीव घोषणा गर्न सक्ने**: कार्यपालिकाले सालकको महत्व तथा दुर्लभ अवस्थालाई ध्यानमा राखी प्रचलित कानुनको अधिनमा रही सालक संरक्षणार्थ सालकलाई विशेष जीवको रुपमा गाउँपालिका क्षेत्र भित्र कुनै सकरात्मक आशययुक्त उपमा प्रदान गर्न सक्नेछ ।

१६. **सालक उद्यान तथा पदमार्गः** सालकको महत्व तथा संरक्षण सम्वन्धी कार्यलाई सहजीकरण, पर्यापर्यटन प्रवर्द्धन र जनचेतना अभिवृद्धि गर्न विशेष क्षेत्रको कुनै पनि स्थानमा प्रचलित कानुनको अधिनमा रही सालक उद्यानको निर्माण र पदयात्रा गर्ने पर्यापर्यटकको लागि सालक पदमार्ग (ट्रेल) को विकास गर्न सकिनेछ ।

१७. **सम्मान तथा कदरपत्रः** स्थानीय संघसंस्था, समुदाय र गाउँपालिकाले सालक संरक्षण कार्यमा योग्दान पुर्‍याउने स्थानीय बासिन्दा वा अन्य कुनै व्यक्तिलाई अन्तराष्ट्रिय सालक दिवसको अवसरमा कदरपत्र सहित सम्मान गर्न सक्नेछ ।

१८. **परिषद सम्वन्धमाः** स्थानीय सामुदायिक वन उपभोक्ता समूहहरुको समेत प्रतिनिधित्वमा ऐनको दफा ४७ अन्तरगत गठित वातावरण तथा प्राकृतिक श्रोत संरक्षण परिषदले यस कार्यविधिको व्यवस्थित रुपमा कार्यान्वयन, नीति योजना निर्माण र विशेष क्षेत्रको व्यवस्थापन सम्वन्धी काम कारबाही, अनुगमन तथा नियमन गर्ने, गराउने छ ।

१९. **संवर्द्धन समिति सम्वन्धमाः** कार्यपालिकाले विशेष क्षेत्र भित्र सालक र सालकको बासस्थान संरक्षण तथा संवर्द्धन गरी सालकको संख्या र सालक अनुकुल बासस्थानको क्षेत्रफल वृद्धि गर्न ऐनको दफा ४८ को उपदफा (१) को अधिनमा सालक संरक्षण विज्ञ र स्थानीय सामुदायिक वन उपभोक्ता समूहहरु समेतको प्रतिनिधित्वमा परिषदको अनुगमन तथा नियमनमा संचालन हुने गरी समुदायमा आधारित सालक संरक्षित विशेष क्षेत्र संवर्द्धन समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित सवर्द्धन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

(क) विशेष क्षेत्रमा सालक र सालकको बासस्थान संरक्षण तथा पुनर्स्थापना सम्वन्धी कार्यक्रम संचालन गर्ने,
(ख) विशेष क्षेत्र भित्र सालक संरक्षण सम्वन्धी विषयमा स्थानीय समुदाय र सरोकारवालाको चैतन्यता र क्षमता विकास गर्न जनचेतना मूलक कार्यक्रम संचालन, उद्धार तालिम र सूचना सम्प्रेषण कार्यक्रम संचालन गर्ने,
(ग) विशेष क्षेत्र केन्द्रित सालक संरक्षण अभियन्ता संघसंस्था तथा व्यक्ति वीच समन्वयकारी भूमिका निर्वाह गर्ने,
(घ) सालक तथा सोको बासस्थान संरक्षण सम्वन्धी प्रचलित कानुन तथा अभ्यास र यस कार्यविधिको परिपालना गर्ने,
(ङ) सालक संरक्षण सम्वन्धी नीति तर्जुमा तथा कार्यक्रम संचालनको लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका विभिन्न निकायसँग समन्वय र सहकार्य गर्ने,
(च) सालकको चोरी सिकारी, व्यापार, ओसारपसार नियन्त्रणको निम्ति आवश्यक कार्यक्रम संचालन गर्ने,
(छ) सालक संरक्षण सम्वन्धमा विशेष क्षेत्र अन्तरगतका विभिन्न सामुदायिक वन उपभोक्ता समूहहरू बीचको पारस्परिक सहयोग अभिवृद्धि गर्ने,
(ज) राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा सालक संरक्षण अभियानमा पारस्परिक सहयोग अभिवृद्धि गर्ने तथा समन्वय र सम्बन्ध बिस्तार गर्ने,
(झ) विशेष क्षेत्रमा सालक संरक्षण सम्वन्धी सुशासन अवलम्वन गर्ने गराउने,
(ञ) सालकको अध्ययन अनुसन्धान, तथ्याङ्क संकलन तथा सूचना सम्प्रेषण प्रणालीको विकास गर्ने,
(ट) सालक उद्यानको निर्माण तथा संचालन, पर्यापर्याटको पैदल यात्राको लागि सालक ट्रेलको विकास तथा प्रवर्द्धन, जैविक सांस्कृतिक सम्पदाको संरक्षण र वातावरण मैत्री कृषि तथा पर्यापर्यटनको प्रवर्द्धन सम्वन्धी कार्यक्रम संचालन गर्ने,
(ठ) सालक संरक्षण कार्यमा योग्दान पुऱ्याउने स्थानीय बासिन्दा वा अन्य कुनै व्यक्तिलाई अन्तराष्ट्रिय सालक दिवसको अवसरमा कदरपत्र सहित सम्मान गर्न,
(ड) सालक संरक्षण सम्वन्धी नारा र सालकलाई विशेष जीवको रुपमा घोषणा गर्न गाउँपालिकासंग पहल गर्ने,
(ढ) स्थानीय विद्यालयका पाठ्यक्रममा सालकको महत्व तथा सोको संरक्षण सम्वन्धी आधारभूत ज्ञान प्रदान गर्ने पाठ समावेश गर्न गाउँपालिकासंग पहल गर्ने,
(ण) सालक लगायतलाई हानीनोक्सानी हुने विपदको रोकथाम तथा व्यवस्थापन र सो सम्वन्धी सचेतना मूलक कार्यक्रम संचालन गर्ने,
(त) यस कार्यविधिको प्रभावकारी कार्यान्वयनको लागि कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने ।

(३) संवर्द्धन समितिको संरचना लगायत अन्य आवश्यक व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२०. **<u>व्यवस्थापन समिति सम्वन्धमाः</u>** (१) परिषदको अनुगमन तथा नियमनमा रही संवर्द्धन समितिसंग आवश्यक समन्वय गरी विशेष क्षेत्र भित्र दफा १९ को उपदफा (२) बमोजिमको कार्यक्रम व्यवस्थित रुपले संचालन गर्न गाउँपालिकामा सक्रिय सामाजिक संघसंस्थाले सालक संरक्षण विज्ञ, गाउँपालिकाको स्थानीय बासिन्दा र सामुदायिक वन उपभोक्ता समूहहरुको तर्फबाट समेत कम्तिमा दुई जना सदस्यको प्रतिनिधिमूलक सहभागितामा कम्तिमा सात सदस्यीय समुदायमा आधारित सालक संरक्षित विशेष क्षेत्र कार्यक्रम व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

(२) व्यवस्थापन समितिले सञ्चालन गरेका कार्यक्रमहरुको वार्षिक प्रगति प्रतिवेदन प्रत्येक वर्ष पौष मसान्त भित्र संवर्द्धन समिति, परिषद र गाउँ कार्यपालिकाको कार्यालयमा समेत पेश गर्नु पर्नेछ र सो प्रतिवेदन उपर प्राप्त निर्देशनको पालना गर्नु पर्नेछ ।

(३) व्यवस्थापन समितिको संरचना, संचालन, विघटन, कार्यकाल लगायतका विषय यस कार्यविधि र प्रचलित कानुनको अधिनमा रही सम्वन्धित सामाजिक संस्थाले तोके बमोजिम हुनेछ ।

## <u>परिच्छेद-५</u>
## <u>विविध</u>

२१. **<u>समन्वय तथा सहकार्य</u>** : विशेष क्षेत्रलाई प्रभावकारी ढंगले संरक्षण तथा व्यवस्थापन गर्न गाउँपालिका तथा परिषदले अन्य स्थानीय तह, सरकारी निकाय, संवर्द्धन समिति, व्यवस्थापन समिति, सामाजिक संघ संस्थाहरु, शैक्षिक संस्था, स्थानीय समुदाय तथा विषय विज्ञहरुसँग समेत प्रचलित कानुनको अधिनमा रही सहकार्य तथा समन्वय गर्न सक्नेछ ।

२२. **<u>दण्ड तथा जरिवानाः</u>** यो कार्यविधि कसैले उल्लङ्घन गरे वा गराएमा ऐन अन्तरगत तोकेको कसुर, दण्ड तथा जरिवाना सम्वन्धमा सोही बमोजिम र ऐनले नतोकेको कसुरमा प्रचलित संघीय कानुन बमोजिम हुनेछ ।

२३. **<u>पुनरावेदन गर्न सक्नेः</u>** यस कार्यविधि बमोजिम गाउँपालिकाले गरेको कुनै पनि निर्णय उपर चित्त नबुझेमा असन्तुष्ट पक्षले सोको सूचना प्राप्त गरेको पैंतिस दिन भित्र पाँचथर जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

२४. **<u>कार्यपालिकाले निर्देशन दिन सक्नेः</u>** यस कार्यविधिको कार्यान्वयन सम्बन्धमा कार्यपालिकाले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु सम्वन्धित व्यक्ति, संघसंस्था, संवर्द्धन समिति, व्यवस्थापन समिति वा सारोकारवाला निकायको कर्तव्य हुनेछ ।

२५. **बाधा अड्काउ फुकाउने अधिकार:** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ पर्न गएमा गाउँपालिका अध्यक्षले त्यस्तो बाधा अड्काउ हटाउन सक्नेछ ।

२६. **संशोधन वा खारेजी:** कार्यपालिकाले यस कार्यविधि वा यस कार्यविधिमा भएको कुनै व्यवस्था आवश्यकता अनुसार संशोधन वा खारेज गर्न सक्नेछ ।

२७. **बाझिएमा हुने:** यो कार्यविधि वा यस कार्यविधिमा गरिएका व्यवस्थाहरु स्थानीय ऐन, संघीय तथा प्रदेश कानूनमा गरिएका व्यवस्थाहरुसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित स्थानीय ऐन, संघीय तथा प्रदेश कानून बमोजिम हुनेछ ।